# mdms.nta.gov.np

(मोबाईल दर्ताका लागि नेपाल दूरसञ्चार प्राधिकरणको पोर्टल)

## आफ्नो मोबाइल MDMS प्रणालीमा दर्ता छ/छैन कसरी चेक गर्ने ?

- नेपाल दूरसञ्चार प्राधिकरणको MDMS पोर्टल mdms.nta.gov.np मा गई बायाँ तर्फको **“आफ्नो मोबाईलको IMEI MDMS मा दर्ता भए/नभएको हेर्नुहोस”** भन्ने बक्समा आफ्नो मोबाईलको IMEI नम्बर प्रविष्ट गरी उक्त मोबाइल दर्ता भए नभएको जाँच गर्न सकिन्छ ।




## MDMS प्रणालीमा मोबाइल दर्ता गर्न के के कागजातहरू आवश्यक हुन्छ?

## [ Individual Registration]

- व्यक्ति स्वयंले राहदानी वा नागरिकता, Departure Stamp (विदेश जादाँको बखत राहदानीको पृष्ठमा लागेको Departure छाप) र Arrival Stamp (विदेशबाट फर्कदाको बखत राहदानीको पृष्ठमा लागेको Arrival छाप) देखिने राहदानीको पृष्ठ वा बोर्डिङ पास सहित आफ्नो व्यक्तिगत विवरणहरू mdms.nta.gov.np/registration-options को Individual Registration Section मा प्रविष्ट/अपलोड गरी मोबाइल दर्ताका लागि आवेदन दिन सकिन्छ।
- MDMS प्रणालीमा आवेदन प्राप्त भएको जानकारी आवेदकले प्रविष्ट गरेको Email मा जान्छ । त्यसैगरी दुई देखि तीन दिन भित्रमा उक्त आवेदन स्वीकृति भई मोबाइल दर्ता भएको वा कारण सहित आवेदन Reject भएको जानकारी आवेदकको Email मै जान्छ ।
- यसको लागि कुनै शुल्क लाग्दैन।

## मोबाइल दर्ताका लागि आवश्यक कागजात नभएको खण्डमा कसरी मोबाइल दर्ता गर्न सकिन्छ ? [ Grey Registration]

- आर्थिक विधेयक २०८० को दफा २४ ले २०७९ भाद्र ३० देखि २०८० जेष्ठ १५ सम्म नेपालमा सञ्चालनमा आएका तर MDMS प्रणालीमा दर्ता नभएका मोबाइलहरूलाई तोकिएको राजश्व तिरी उक्त मोबाईलहरू दर्ता गर्न सकिने व्यवस्था गरेको छ।
- राजश्व अनलाईननै तिर्न सकिने छ।
- mdms.nta.gov.np/registration-options को Grey Registration Section मा गई आफ्नो मोबाइलको IMEI लगायत अन्य आवश्यक व्यक्तिगत विवरण भरीसकेपछि तिर्नुपर्ने राजश्व स्वतः प्रणालीले नै देखाउछँ।
- भुक्तानीका लागि ConnectIPS छनौट पश्चातः देखिने QR Code लाई Scan गरी कुनै भुक्तानी सेवाप्रदायकको Application प्रयोग गरी भुक्तानी गर्न सकिनेछ।
- भुक्तानी सफल भएको एक घण्टा भित्र उक्त मोबाइल दर्ता हुनेछ।

नोटः Grey Registration गर्न खोज्दा "None of the provided IMEI number are grey listed. At least one IMEI number must be in grey list to proceed." देखाउँछ भने उक्त IMEI हाल Grey Database मा नभएको संकेत हो। आर्थिक विधेयक २०८० को दफा २४ ले हाल Grey Database मा भएका मोबाइललाई मात्रै Grey Registration को सुबिधा प्रदान गरेको छ।

## दुईवटा IMEI भएको मोबाइलको एउटा IMEI दर्ता छ तर अर्को IMEI दर्ता छैन भने के गर्ने ? [ Dual IMEI Registration]

मोबाइलको एउटा IMEI दर्ता भई अर्को IMEI दर्ता नभएको खण्डमा MDMS प्रणालीको Dual IMEI Registration Section मा गई IMEI1 र IMEI2 प्रविष्ट गरी दुबै IMEI प्रष्ट देखिनेगरी Screenshot वा मोबाइल किन्दा बखतको बक्स अपलोड गरी आवेदन दिन सकिनेछ।

## मोबाइल हराएको वा चोरी भएको खण्डमा के गर्ने ? [Lost/Stolen Registration]

मोबाइल हराएको वा चोरी भएको खण्डमा MDMS प्रणालीको Lost/Stolen Registration Section (https://mdms.nta.gov.np/lost-registration/validateImei) मा गई आवेदन दिन सकिनेछ।

नोटः Lost/Stolen Registration को सुबिधा दर्ता भएका मोबाइलहरू लाई मात्रै प्रदान हुने व्यवस्था रहेको छ।